# मिती २०७४ साल फाल्गुन २८ गतेको तेहौं कार्यपालीका बैठकको निर्णय

**निर्णय न १:**

यस नगरपालिकाको विधायन समितिबाट पेश हुन आएको शिक्षा सम्बन्धी विधेयक २०७४ लाई पारित गर्दै स्विकृतका लागी आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय न २:**

यस नगरपालीका नगरकार्यपालीकाको पदाधिकारी स्तरिय निर्णय बमोजिम गठित नगर शिक्षा ऐन २०७४ मस्यौदा गर्न गठित तपसिल बमोजिमका पदाधिकारी,विज्ञ र कर्मचारीहरु सहितको समितीले सामाजिक विकास समिती सहित सरोकारवालाहरु सँग आवश्यक छलफल गरि विधायन समिती मार्फत नगरकार्यपालीका बैठकमा मस्यौदा पेश गरेकोमा उल्लेखित पदाधिकारीहरु एंव कर्मचारीहरुले यस नगरपालीकाको नगर शिक्षा सम्बन्धी विधेयक निर्माणमा गरेको सहयोगका लागी हार्दिक धन्यवाद दिने निर्णय गरियो ।

**निम्नः**

| | |
|---|---|
| उपप्रमुख श्री मोहनमाया ढकाल | संयोजक |
| शिक्षाविद श्री पितामबर ढकाल | सदस्य |
| शिक्षाविद श्री डा.दीपक गौतम | सदस्य |
| वरिष्ठ अधिवक्ता श्री कृष्ण बहादुर हमाल | सदस्य |
| अधिवक्ता श्री ध्रुव कुमार श्रेष्ठ,अधिवक्ता | सदस्य |
| अधिवक्ता श्री विधाभुषण मान्नधर,अधिवक्ता | सदस्य |
| प्र.अ.श्री यामबहादुर श्रेष्ठ, जनउच्च मा.वि | सदस्य |
| प्र.अ.श्री खगेन्द्र थापा,अम्मर ज्योती नमुना मा.वि | सदस्य |
| सामाजिक विकास समिती संयोजक,श्री यमुना नेपाली | सदस्य |
| सामाजिक विकास समिती सदस्य सचिव ,श्री प्रकाश पौडेल | सदस्य |
| शिक्षा शाखा अधिकृत,श्री गजेन्द्र जि.सी. | सदस्य सचिव |

**निर्णय न ३:**

सार्वजनिक सेवा तथा क्षमता विकास समितीमा आवश्यक छलफल भै विधेयक समिती मार्फत यस बैठकमा पेश हुन आएको सार्वजनिक निर्माण कार्यको लागी घ वर्गको ईजाजत पत्र जारी,नविकरण,संशोधन,नामसारी र खारेजी सम्बन्धी निर्देशिका २०७४ लाई स्विकृत गर्ने निर्णय गरियो ।

**निर्णय न ४:**

यस नगरपालीकाको फुटपात एंव शहर व्यवस्थापन अभियान संचालनका क्रममा सेवा करारमा थप जनशक्ति राखि अनुगमन तथा नियमन कार्य गरिदै आएकोमा उक्त अभियान कार्यालय समय बाहेकका समयमा र बिदाका दिनमा समेत संचालन गर्नुपर्ने भएकाले सो अभियान हरेक दिन कार्यालय समयका अतिरिक्त समयमा समेत संचालन गर्न नगर कार्यपालीका कार्यालयलाई जिम्मेवारी दिने र सो अभियान र २४ सै घण्टा बारुणयन्त्र संचालनको आवश्यक प्रवन्ध मिलाउने नगरनियमन कर्ता(टोली नेता) लाई अतिरित्त समयमा समेत काम गरे वाफत रु.४५००। (चार हजार पाँच सय मात्र ।) थप सुविधा प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय न ५:**

यस नगरपालीकामा घर तथा विभिन्न भौतिक संरचना निर्माण गर्ने क्रममा नगरपालीका बाट सधियारहरुको नाममा जारि गरिने जग्गा हकदाबी सम्बन्धी १५ दिने सूचना टाँस गरिसके पछि गरिने सरजमिन मुचुल्कामा सम्बन्धीत सधियारहरुको हस्ताक्षर एंव उपस्थिती नभएमा एक पटकमा लागी स्थानीय पत्र पत्रिकामा ७(सात) दिने सूचना प्रकाशित गर्दै आएकोमा सो कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय न ६:**

यस नगरपालिकाको भौतिक संरचना भाडामा प्रयोग अवस्था विश्लेषण समितिबाट पेश हुन आएको प्रतिवेदन कार्यपालिका बैठकमा छलफलका लागि टेबुल गरियो । साथै सो सम्बन्धमा आगामी कार्यपालीकाको बैठकमा छलफल गर्ने निर्णय गरियो ।